# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, वडाचौर, रोल्पा
# विनियोजन ऐन, २०८१

गाउँसभामा पेश गरेको मितिः २०८१।०३।१०
गाउँ सभाबाट पारित मितिः २०८१।०३।३०

लुङ्ग्री गाउँपालिका, वडाचौर, रोल्पाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८१

**प्रस्तावना :** लुङ्ग्री गाउँपालिका, वडाचौर, रोल्पा को आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लुङ्ग्री गाउँपालिका, वडाचौर, रोल्पाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "लुङ्ग्री गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनूसूची १ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्च बजेट तथा कार्यक्रममा उल्लिखित भएबमोजिम जम्मा रकम ४६,६७,०९,१५० (अक्षेरुपी रुपैयाँ छयालिस करोड सर्सठ्ठी लाख नौ हजार एक सय पचास मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को लुङ्ग्री गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्नेसेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च

शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

४. वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित क्रमागत तथा बहुवर्षिय योजना/कार्यक्रम कार्यान्वयनका लागि यस ऐनको अधिनमा रही कार्यान्वयन कार्यविधि बनाउन सकिनेछ।

## अनुसूची १
## विस्तृत आम्दानी र खर्च विवरण

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | ४१,६१,८९,४५४.४० | ४०,९४,०६,५९९.०० | ४५,६३,०९,१५०.०० |
| राजस्व | ८,४१,४९,३३१.४० | १०,४२,७७,५९९.०० | १०,९२,३४,१५०.०० |
| आन्तरिक श्रोत | ४३,७०,४४५.५९ | ५०,००,०००.०० | ५४,४२,१५०.०० |
| ११३१३ सम्पती कर | ०.०० | ०.०० | ९०,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | १३,६२,१००.०० | ०.०० | १५,१२,५००.०० |
| ११३१७ वहाल कर | ६४,६४६.०० | ०.०० | ६५,०००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ०.०० | ५०,२५०.०० |
| ११६९१ अन्य कर | ३,४०,९८५.०० | ०.०० | ३,५६,८००.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ०.०० | ०.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ९,६२,६५७.५९ | ०.०० | २५,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ०.०० | १२,५००.०० |
| १४२२१ न्यायिक दस्तूर | ५,०००.०० | ०.०० | १५,६००.०० |
| १४२२४ परीक्षा शुल्क | १,२८,३००.०० | ०.०० | ४५,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ०.०० | ८०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १,७०,६५४.०० | ०.०० | १,८५,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ८,२२,२३८.०० | ०.०० | ७,५६,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४,१७,५६५.०० | ०.०० | ५,४५,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ०.०० | ०.०० | २,०५,०००.०० |
| १४२४९ अन्य दस्तुर | ०.०० | ०.०० | ९५,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,८००.०० | ०.०० | ९२,५००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | ०.०० | ६२,०००.०० |
| १४६११ व्यवसाय कर | ४५,५००.०० | ०.०० | १,४९,०००.०० |

| | | | |
|---|---|---|---|
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ७,९७,७८,८८५.८१ | ९,९२,७७,५९९.०० | १०,३७,९२,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,४७,९४,१४२.०० | ९,४१,७०,०००.०० | ७,३३,५५,९८३.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २,०४,०६,९६९.१२ | ०.०० | २,६६,४४,०१७.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४५,७७,७७४.६९ | ५१,०७,५९९.०० | ३७,९२,०००.०० |
| अन्य आय | ०.०० | ५०,००,०००.०० | ११,००,०००.०० |
| १४५२९ अन्य राजस्व | ०.०० | ५०,००,०००.०० | ११,००,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३३,२०,४०,१२३.०० | ३०,५१,२९,०००.०० | ३४,७०,७५,०००.०० |
| संघीय सरकार | २९,८१,१५,०००.०० | २७,९४,५०,०००.०० | ३२,०९,३६,०००.०० |
| १३३११ समानिकरण अनुदान | ८,९९,१०,०००.०० | ८,६६,००,०००.०० | ८,८०,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १६,९४,०५,०००.०० | १६,५४,६४,०००.०० | १७,८६,११,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,८८,००,०००.०० | ७३,८६,०००.०० | २,४३,२५,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ०.०० | १,५०,००,०००.०० | ३,००,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,००,००,०००.०० | ०.०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ०.०० | ५०,००,०००.०० | ०.०० |
| प्रदेश सरकार | ३,३९,२५,१२३.०० | २,५६,७९,०००.०० | २,६१,३९,०००.०० |
| १३३११ समानिकरण अनुदान | ५१,९८,०००.०० | ५९,२९,०००.०० | ५६,३९,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ८०,००,०००.०० | ६,५०,०००.०० | ३०,००,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ०.०० | ७१,००,०००.०० | ८५,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ६०,००,०००.०० | ०.०० | ०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ०.०० | २०,००,०००.०० | २०,००,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | १,४७,२७,१२३.०० | ०.०० | ७०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ०.०० | १,००,००,०००.०० | ०.०० |
| बैदेशिक | ०.०० | ०.०० | ०.०० |
| जनसहभागिता | ०.०० | ०.०० | ०.०० |
| वित्तीय व्यवस्था (प्राप्ति) | ०.०० | ०.०० | ०.०० |
| व्यय | ४४,२६,३२,०९२.७६ | ४३,२४,०६,५९९.०० | ४६,६७,०९,१५०.०० |
| चालु | २४,८१,१०,८७५.०१ | २८,५८,९६,५९९.०० | ३२,७७,६५,०००.०० |
| २१११ पारिश्रमिक कर्मचारी | २,६७,३९,५९५.७० | १२,८५,४४,०००.०० | १५,९०,७४,५००.०० |
| २१११२ पारिश्रमिक पदाधिकारी | ६०,००,०००.०० | ८५,३४,०००.०० | ९४,३५,०००.०० |
| २११२१ पोशाक | ५,८०,०००.०० | ७,३०,०००.०० | २५,८०,०००.०० |
| २११३१ स्थानीय भत्ता | ५,८२,५८२.०० | १७,१०,०००.०० | १९,१०,०००.०० |
| २११३२ महंगी भत्ता | ३,७८,०२९.०० | १०,००,०००.०० | १०,००,०००.०० |
| २११३३ फिल्ड भत्ता | ०.०० | ०.०० | २०,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २,८३,५५०.०० | ८,०६,०००.०० | ६,७०,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,४१,८२७.०० | ३२,००,०००.०० | १२,००,०००.०० |
| २११३९ अन्य भत्ता | १७,९००.०० | २१,५५,०००.०० | ७,००,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २६,७२,१००.०० | २१,६२,०००.०० | २५,२९,०००.०० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २१,५२६.०० | ४,००,०००.०० | ७,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | १०,००,०००.०० | १०,००,०००.०० | १०,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | २,०९,९०३.०० | ३,३१,०००.०० | ३,८६,०००.०० |

| | | | |
|---|---|---|---|
| २२११२ संचार महसुल | ८,२१,९६२.०० | ८,७९,०००.०० | ९,५३,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १,८८,६६६.०० | १०,००,०००.०० | १०,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २३,९२,५९५.०० | २५,८९,०००.०० | २१,५५,०००.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १३,६६,००५.०० | १८,५३,०००.०० | १८,५५,०००.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १,४८,५९०.०० | १,५०,०००.०० | २,८०,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,३०,८६२.०० | ३,००,०००.०० | ४,३९,०००.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ०.०० | ८,००,०००.०० | ३,३०,०००.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ०.०० | ०.०० | ०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५८,२७,६३६.०० | ७३,९८,०००.०० | ४९,३७,०००.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १,१२,९३५.०० | ७७,९२,०००.०० | १,००,०००.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५,००,०००.०० | २,००,०००.०० | १,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९,२१,७४८.०० | १२,७९,०००.०० | ११,७५,०००.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ३,६०,२४८.०० | ९,५०,०००.०० | १०,००,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | १७,८२,४३२.०० | १६,००,०००.०० | १२,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३०,०००.०० | १,५०,०००.०० | ३,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | १,८१,३४,२१३.३१ | १,६७,००,०००.०० | १,९५,००,०००.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ०.०० | २,५०,०००.०० | ३,००,०००.०० |
| २२४१९ अन्य सेवा शुल्क | ०.०० | ५०,५२,०००.०० | १,००,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ३,००,०००.०० | ५,००,०००.०० | १३,००,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५,७९,६८०.०० | ११,००,०००.०० | ९०,४८,०००.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ०.०० | १४,५०,०००.०० | ६९,९८,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | ३,६७,७०,१७८.०० | १,९८,६७,०००.०० | ३,३६,७८,०००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ५,८८,८२०.०० | ९,००,०००.०० | ३,९०,०००.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १२,८०,२३०.०० | १४,२१,०००.०० | १७,१०,०००.०० |
| २२६१२ भ्रमण खर्च | ३०,१२,८०९.०० | २६,४९,०००.०० | २७,०९,०००.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ७,००,०००.०० | ०.०० | ९,००,०००.०० |
| २२७११ विविध खर्च | ३३,१४,५१५.०० | ३२,३३,०००.०० | ४५,७७,५००.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ९,२०,७९२.०० | ९,००,०००.०० | ५,००,०००.०० |
| २५१२२ वित्तीयसंस्थानहरूलाई पूँजीगत सहायता | ०.०० | ०.०० | २,००,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ११,४२,८३,७१५.०० | ४,०९,८४,०००.०० | २,८६,४७,०००.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ०.०० | २५,७२,०००.०० | ३४,००,०००.०० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | ८,६२,६९४.०० | १,४०,०००.०० | ०.०० |
| २५३१५ अन्य सस्था सहायता | ७०,०००.०० | १०,७५,५९९.०० | ५,००,०००.०० |
| २७१११ सामाजिक सुरक्षा | ५५,९८,४७३.०० | १२,४९,०००.०० | १०,३५,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ०.०० | ०.०० | ०.०० |
| २७२११ छात्रवृत्ति | ०.०० | २६,१८,०००.०० | ३५,१३,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५,२३,१९४.०० | ११,१०,०००.०० | १२,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ४७,२६,९६०.०० | २२,०९,०००.०० | ४३,७१,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ०.०० | ०.०० | २०,५०,०००.०० |

| | | | |
|---|---|---|---|
| २८१४२ घरभाडा | १२,००,०००.०० | १५,००,०००.०० | १६,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ७,७७,५७०.०० | ३,५५,०००.०० | ४,६०,०००.०० |
| २८१४९ अन्य भाडा | ५६,३४०.०० | १,५०,०००.०० | ५०,०००.०० |
| २८९११ भैपरी आउने चालु खर्च | ०.०० | ४,००,०००.०० | २०,००,०००.०० |
| पूंजीगत | १९,४५,२१,२१७.७५ | १४,६५,१०,०००.०० | १३,८६,४४,१५०.०० |
| ३१११९ आवासीय भवन निर्माण/खरिद | ०.०० | ०.०० | ८२,२५,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ८,९६,७७,६७७.०० | ७,६७,९६,०००.०० | ३,८६,०४,०००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १२,६७,७०४.०० | ८,००,०००.०० | ९०,८२,०००.०० |
| ३१११४ जग्गा विकास कार्य | ०.०० | ५,५०,०००.०० | ०.०० |
| ३११२१ सवारी साधन | ३०,९९,०००.०० | ५,७०,०००.०० | ३,३०,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ७५,४२,४४६.०० | ३०,९०,०००.०० | ३५,६०,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २१,४२,८५८.०० | १२,०१,०००.०० | २५,५०,०००.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ०.०० | १,२२,८५,०००.०० | १,००,००,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,१६,४००.०० | १,००,०००.०० | ५,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ७३,७८,३७२.०० | ८,००,०००.०० | ५२,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | २,११,८४,५३५.७८ | १,५५,८०,०००.०० | २,३५,५०,०००.०० |
| ३११५३ विद्युत संरचना निर्माण | २,००,०००.०० | ८,००,०००.०० | ८,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १७,९२,४२१.०० | १,५०,०००.०० | ०.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ६७,१०,४५८.०० | १८,५०,०००.०० | १३,४२,०००.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | २,४४,५५,८८०.९७ | २,०२,४०,०००.०० | १,४८,२२,०००.०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | २९,१००.०० | १,००,०००.०० | १,००,०००.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ०.०० | १२,००,०००.०० | २,७५,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २,८९,२४,३६५.०० | ९३,९८,०००.०० | १,९१,०४,१५०.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ०.०० | ०.०० | ६,००,०००.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ०.०० | १०,००,०००.०० | ०.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ०.०० | ०.०० | ०.०० |
| वित्तीय | ०.०० | ०.०० | ३,००,०००.०० |
| ३२१५९ अन्य संस्थामा शेयर लगानी बिक्री | ०.०० | ०.०० | ३,००,०००.०० |
| बजेट बचत (+)/न्यून | (२,६४,४२,६३८.३६) | (२,३०,००,०००.००) | (१,०४,००,०००.००) |
| गत वर्षको नगद मौज्दात | ०.०० | २,३०,००,०००.०० | १,०४,००,०००.०० |